# जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लि.

# Jalpa Samudayik Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था ... कार्यरत भएको

HEAD OFFICE:
Kalikanagar Butwal-11, Rupandehi
Ph. No. : 071-438157,438158,438159
Email: info@jalpamf.com.np
jalpamf@gmail.com
URL: www.jalpamf.com

चलानी नं: ८४५८/२०७९/८०

मिति: २०८०/०२/१४

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

विषय: साधारण सभाको जानकारी तथा सेयर दाखिल खारेजको कार्य बन्द (बुक क्लोज) गर्ने सम्बन्धमा ।

महाशय,

उपर्युक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०८०/०२/१४ गते आईतबार, बेलुका ४.०० बजे बसेको ९८औं बैठकबाट वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा मिति २०८०/०३/०४ गते सोमबार बोलाउने निर्णय भएको व्यहोरा जानकारी गराउँदै वार्षिक साधारण सभा सम्बन्धी संलग्न नमूना बमोजिमको सूचना मिति २०८०/०२/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक र मिति २०८०/०२/१७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशन गरिने व्यहोरा अनुरोध गर्दछौं ।

**सूचना सम्प्रेषण विवरण:**

१) **नगद लाभांस:** आ.व. २०७८/७९ मा कायम रहेको चुक्ता पुँजी रू. १६,००,००,०००/- को ०.७५ प्रतिशतले हुने रकम रू. १२,००,०००/- कर प्रयोजनका लागि ।

२) **वोनश सेयर:** आ.व. २०७८/७९ मा कायम रहेको चुक्ता पुँजी रू. १६,००,००,०००/- को १४.२५ प्रतिशतले हुने रकम रू. २,२८,००,०००/- बरावरको वोनश सेयर ।

३) **हकप्रद सेयर:** नभएको ।

४) **सेयर दाखिल खारेजको कार्य बन्द (बुक क्लोज) हुने मिति:** मिति २०८०/०२/२३ गते १ दिन ।

५) **वार्षिक साधारण सभा हुने मिति, समय र स्थान:** मिति २०८०/०३/०४ गते विहान ९.०० बजे The SR Hotel, तिलोत्तमा न.पा.-१, ड्राईभरटोल, रुपन्देही

भवदीय,

(अशोक कुमार आचार्य)
कम्पनी सचिव

**बोधार्थ:**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
२. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, काठमाण्डौ ।
३. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
४. श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौ ।

# जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लि.

## Jalpa Samudayik Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

HEAD OFFICE:
Kalikanagar Butwal-11, Rupandehi
Ph. No.: 071-438157,438158,438159
Email: info@jalpamf.com.np
jalpamf@gmail.com
URL: www.jalpamf.com

जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड
बुटवल-११, कालिकानगर, रुपन्देही

### चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री आदरणीय सेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८०/०२/१४ गते, आईतबार बसेको ९८औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल गरी निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी (पहिलो संशोधन) ऐन, २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण सेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**सभा हुने मिति, समय र स्थान:**

मिति: २०८० असार ०४ गते सोमबार (तदनुसार १९ जुन, २०२३)

समय: बिहान ९.०० बजे

स्थान: The SR Hotel, तिलोत्तमा न.पा.-१, ड्राईभरटोल, रुपन्देही

**छलफलका विषयहरु:**

**क. सामान्य प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश सेयर वितरण गर्दा लाग्ने कर प्रयोजनका लागि २०७९ असार मसान्तमा कायम रहेको चुक्ता पुँजी रू. १६,००,००,०००/- (अक्षरेपी सोह्र करोड मात्र) को ०.७५ प्रतिशतले हुन आउने रकम रू. १२,००,०००/- (अक्षरेपी बाह्र लाख मात्र) नगद लाभांस सेयरधनीलाई वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

**ख. विशेष प्रस्तावहरु:**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७९ असार मसान्तमा कायम रहेको चुक्ता पुँजी रू. १६,००,००,०००/- (अक्षरेपी सोह्र करोड मात्र) को १४.२५ प्रतिशतले हुन आउने रकम रू. २,२८,००,०००/- (अक्षरेपी दुई करोड अठ्ठाईस लाख मात्र) वोनश सेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

HEAD OFFICE:
Kalikanagar Butwal-11, Rupandehi
Ph. No.: 071-438157,438158,438159
Email: info@jalpamf.com.np
jalpamf@gmail.com
URL: www.jalpamf.com

२. वित्तीय संस्थाको जारी पुँजी र चुक्ता पुँजीमा बृद्धि गर्ने र सो बमोजिम वित्तीय संस्थाको प्रबन्धपत्र, २०७५ को दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

३. यस वित्तीय संस्था नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको अन्य लघुवित्त वित्तीय संस्थाहरुसंग गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिशन) सम्बन्धमा आवश्यक सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

४. वित्तीय संस्थाको प्रवन्धपत्रमा गरिएको संशोधन सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन गर्न निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

**ग) विविध :**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी थप जानकारी:**

१. **सेयरधनी दर्ता किताब बन्द रहने:** वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०२/२३ गते, मंगलबार सेयर दाखिल खारेजी दर्ता कार्य बन्द (बुक क्लोज) रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०२/२२ गते, सोमबार सम्म कारोबार भई प्रचलित कानून अनुसार तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको सेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौमा प्राप्त सेयर नामसारी लिखतको आधारमा सेयरधनी किताबमा कायम सेयरधनीहरु सो सभामा भाग लिन योग्य हुने ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

२. वार्षिक साधारण सभामा भाग लिन आउने सेयरधनी महानुभावहरुले आफ्नो हितग्राही परिचय पत्र नं. वा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचयपत्र साथमा लिएर आईदिनुहुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाबाट प्रतिनिधि नियुक्त गरिएको आधिकारिक पत्र लिई आउनुपर्नेछ ।

३. साधारण सभाको सूचना तथा वार्षिक प्रतिवेदन २०७८/७९ सम्बन्धी विवरण संस्थाको केन्द्रीय कार्यालय बुटवल-११, कालिकानगर, रुपन्देही तथा सेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ । कुनै कारणवस उक्त प्रतिवेदन प्राप्त नगर्नुहुने सेयरधनी महानुभावहरुले सभा हुने दिन सभास्थलबाट समेत प्राप्त गर्न सक्नुहुनेछ ।

४. साधारण सभामा भाग लिने प्रत्येक सेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई तहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका सभा हुने दिन बिहान ८.०० बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

५. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहेमा सेयरधनीहरुले तोकिएको ढाँचामा यस वित्तीय संस्थाको सेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय बुटवल-११, कालिकानगर, रुपन्देहीमा दर्ता गराई सक्नु पर्नेछ । सभामा

# जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लि.

## Jalpa Samudayik Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था । राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

HEAD OFFICE:
Kalikanagar Butwal-11, Rupandehi
Ph. No. : 071-438157,438158,438159
Email: info@jalpamf.com.np
jalpamf@gmail.com
URL: www.jalpamf.com


भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गरी सके पछि उक्त प्रतिनिधि बदर गरी अर्को मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधिभित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

६. प्रोक्सी नियुक्त गरिसक्नु भएको सेयरधनी आफै साधारण सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिईसकेको भएपनि त्यस्तो प्रोक्सी बदर हुनेछ ।

७. कुनै संगठित संस्था वा कम्पनीको प्रतिनिधिले निज कम्पनीको सेयरधनी नभएपनि सेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछ । यसरी प्रतिनिधि पठाउँदा सभा हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै यस संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी गराउनु पर्नेछ ।

८. नाबालक सेयरधनीहरुको तर्फबाट संरक्षक (सेयरधनीको दर्ता किताबमा उल्लिखित) ले सभामा भाग लिन, प्रतिनिधि तोक्न तथा मत दिन समेत सक्नेछ ।

९. छलफलको विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक सेयरधनीहरुले सभा हुनु भन्दा सात दिन अगाबै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखितरुपमा दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१०. साधारण सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कुल सेयर पुँजीको ६७ प्रतिशत सेयरको प्रतिनिधित्व गर्ने सेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको प्रस्ताव (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

११. साधारण सभा सम्बन्धी काम कार्यवाही कम्पनी ऐन, २०६३, वित्तीय संस्थाको नियमावली, २०७५ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१२. अन्य थप जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय तथा फोन नं. ०७१-४३८१५७, ०७१-४३८१५८ र ०७१-४३८१५९ मा सम्पर्क राख्नु हुन वा वित्तीय संस्थाको वेवसाईट www.jalpamf.com हेर्नु हुन अनुरोध छ ।